समाज कल्याण, हाम्रो अभियान
जनकपुर संचार
नेपाली राष्ट्रिय दैनिक
www.janakpursanchar.com



# जनकपुरधाममा बाल मेला

न्यूज डेस्क २०८१ भाद्र १३, बिहीबार १६:४४

14 Shares Share Tweet




जनकपुरधाम । वृहत्त विद्यालय सुरक्षा सम्बन्धी प्रदेशस्तरीय बाल मेला बिहीबार जनकपुरधाममा सम्पन्न भएको छ ।

युनिसेफको सहयोगमा आसमान नेपालले आयोजना गरेको बाल मेलामा सहभागि बालबालिकाहरुले विद्यालय सुरक्षाबारे प्रदेश सरकार र स्थानीय सरकारसमक्ष आ आफ्नो जिज्ञासा राखेका थिए ।

मधेश प्रदेश बाल क्लव संजालका सलमा खातुनको अध्यक्षतामा भएको बाल मेलामा बालबालिकाहरु रकीप्रसाद साहले संचालन गरेको प्यानल अन्तरक्रियामा भाग लिदै आ आफ्नो जिज्ञासा राखेका थिए ।

रौतहटको राजदेवी नगरपालिकाबाट आएकी अनिता साहले महिनाबारीको बेला छात्राहरुलाई समस्या हुने गरेकाले विद्यालयमा आरामकक्षको व्यवस्था गर्नुपर्ने माग गरिन् ।

यस्तै सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाबाट आएका पृथ्वीनारायण साहले विद्यालयमा कमप्युटर

## भर्खरै प्रकाशित


विपदमा बाल संरक्षण सम्बन्धी तालिम सुरु


बेइजिङ्ग +३० को प्रदेशस्तरीय समीक्षा सम्पन्न


जनकपुरधाममा बाल मेला


दिवा खाजावापत १५ रुपैयाँ 'अपुग' छः मन्त्री तिवारी

कक्षा र शिक्षकको व्यवस्था मिलाउनुपर्ने माग गरे । धनुषाको धनौजी गाउँपालिकाबाट आएका बालबालिकाहरुले पनि प्यानल अन्तरक्रियामा सक्रिय सहभागिता जनाएका थिए ।



बालबालिकाको जिज्ञासाको जवाफ मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीले दिदै विद्यालयहरुमा आरामकक्षको व्यवस्थापन गरेको बताइन् ।

प्रदेश सरकार विद्यालय सुरक्षाप्रति गंभीर रहेकाले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता जनाएकी थिइन् ।

यस्तै प्रदेशसभा सदस्य रामअशिष यादवले शैक्षिक प्रणालीकै कारण शिक्षामा सुधार हुन नसकेको बताए ।

शिक्षामा सुधार गर्नको लागि सरकारले लगानी गर्न जरुरी रहेपनि यसतर्फ सरकार उदासिन रहेको उनले थपे ।

धनुषाको धनौजी गाउँपालिकाका अध्यक्ष राजकुमार साहले पनि शिक्षा क्षेत्र सुधारमा काम गर्न चाहेपनि आवश्यक नीति नहुँदा समस्या भएको बताए ।

बाल मेलामा आसमान नेपालका कार्यक्रम व्यवस्थापक विजयकुमार यादवले प्रस्तुतिकरण गर्दै विद्यालय सुरक्षा सम्बन्धी परियोजना मधेश प्रदेशको तीन जिल्लामा संचालनमा रहेको बताए ।

धनुषाको धनौजी गाउँपालिका, सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका र रौतहटको राजदेवी नगरपालिकाको ५७ विद्यालयका करिब २९ हजार बालबालिका यसमा संलग्न रहेको यादवले बताए ।

यादवका अनुसार विद्यालय सुरक्षाका लागि उक्त परियोजना अन्तर्गत विपत्तको बेला अपनाउनुपर्ने आवश्यक सतर्कताबारे तालिम, अभ्यासहरु गराइएको छ ।

बाल मेलामा पनि विपत्तमा अपनाउनुपर्ने सतर्कता, उद्धार, प्रतिकार्यबारे अभ्यास गरिएको थियो ।

उक्त अभ्यासमा बालबालिकाहरुले सक्रिय सहभागिता जनाएर परियोजना अन्तर्गत सिकेका कुराहरु प्रदर्शन गरेका थिए ।

सो अवसरमा युनिसेफका शिक्षा विज्ञ सबिना जोशी, आसमान नेपालका कार्यक्रम निर्देशक दिनेश्वर साह, रिंकु ठाकुर, ब्रम्हदेव यादव लगायत तीनै जिल्लाका बालबालिका, शिक्षक लगायतको सहभागिता रहेको थियो ।



मन्त्री तिवारीद्वारा श्रीकृष्ण जन्माष्टमीको शुभकामना



अनसनकारी र प्रदेश सरकारबीच सहमति, अनसन स्थगित

## ट्रेंडिंग



जनकपुर अस्पतालको निर्देशकमा डा. यादव नियुक्त



यदुकोहामा किशोरी बलात्कृत, दोषिमाथि कारबाहि होस्ःमेयर यादव

बागी उम्मेदवारी फिर्ता नलिए कारबाही



टिकट वितरणलाई लिएर जसपामा विवाद, यादवमाथि हातपात



सिरहा–२(ख) बाट ई.अजितको नाम सिफारिस